आज मिति २०७४ साल फाल्गुन २९ गते यस नेपालगंज उप-महानगरपालिकाका प्रमुख डा. श्री धवल शम्शेर राणाज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको बैठक बसी नगर कार्यपालिका पदाधिकारीज्यूहरुको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

## बैठकको निर्णयहरु

१. यस उप-महानगरपालिकाको चालु आ.व २०७४।०७५को लागी स्वीकृत लक्षीत वर्ग कार्यक्रम संचालनको लागी विभिन्न सघं सस्थाहरुवाट पेश भएका प्रस्तावहरु मध्ये देहायका संस्थाहरुबाट पेश भएका कार्यक्रम सवै वडाका लक्षीत वर्गलाई समेत समेटी वडा अध्यक्षज्युहरुको प्रत्यक्ष सहभागीता र सल्लाह बमोजीम संचालन हुने गरी उक्त संस्थाहरुसंग सम्झौता गर्ने निर्णय गरियो ।

| क स | संस्थाको नाम | संचालन हुने कार्यक्रम | स्वीकृत बजेट |
|---|---|---|---|
| १ | द्वन्द पिडित तथा एकल महिला संजाल | भवन निमार्ण, वडा न ९<br>क्षमता विकास तालिम | रु.३,५०,०००।-<br>रु.१,५०,०००।- |
| २ | वार्दली फाउण्डेशन ने.ग. | वाल प्रतिभा खोजी | रु.२०००००।- |
| ३ | गै. स. स महासघ ,बाके | क्षमता अभिवृद्वि कार्यक्रम वडा अध्यक्षको सहभागीतामा | रु.५०००००।- |
| ४ | इन्प्रोक, नेपालगज | वातावरण मैत्री कार्यशाला | रु.२०००००।- |
| ५ | बागेश्वरी असलशासन क्लव | सार्वजनिक सुनुवाई | रु.८००००।- |
| ६ | सुचना र मानव अधिकार अनुसन्धान केन्द्र, ने.गं. | सुचनाको हक सम्वन्धि अनुशिक्षण | रु.१०००००।- |
| ७ | सहारा हाउस ने.ग. | लागु औषध दुर्व्यशन विरुद्वको कार्यक्रम | रु.६,००,०००।- |
| ८ | नगर स्तरिय अपाङ्गता संजाल | अपाङ्गता प्रवर्द्वन | रु.७,५०,०००।- |
| ९ | महिला उद्यमी सघं , बाके | सेनेटरी प्याड तयारी तथा विक्रि | रु.३,३७,२५०।- |
| १० | दलित गैर सरकारी संस्था महासघं | प्रचिलत कानुनमा दलितका हक अधिकार | रु.१,००,०००।- |
| ११ | नेपाल पत्रकार महासघं बाकें शाखा | सुचनाको हक सम्बन्धि पत्रकारीता अक्षयकोष | रु.१,००,०००।-<br>रु.२,००,०००।- |

माथि उल्लेखित स्वीकृत कार्यक्रमहरु मध्ये द्वन्द पिडित तथा एकल महिला संजालको हकमा उक्त संस्थाले पेश गरेको भवन निर्माण र क्षमता विकास तालिमका सन्दर्भमा यस उप महानगरपलिकाको स्वीकृत क्षमता विकास अन्तरर्गत प्रवर्द्वनात्मक शिर्षकमा एकल महिलाका लागी जम्मा रु.५,००,०००।- ( पांच लाख ) विनियोजन भएकोले सो रकमबाट नै पेश भए बमोजिमको कार्यक्रम कार्यान्व्यन गर्ने निर्णय गरियो ।

२. यस उप महानगरपालिकाको २०५७।०९।१९ गतेको निर्णयानुसार नक्सा पास भएको घर जग्गा खरिदविक्रि भएको अवस्थामा कित्ता काट नभएको भए खरिदकर्ताले नक्सा पास लाग्ने दस्तुरको एक तिहाई नामसारी दस्तुर लिई नामसारी गर्ने गरिएको मा डि.पि.सि. र सुपर स्ट्रक्चर ईजाजत लिई निमार्णाधिन घर जग्गा कुनै परिस्थीतीमा राजिनामा, नामसारी तथा बकसपत्र भई आएको अवस्थामा सोही बमोजीम दस्तुर लिई नामसारी गरि नक्सा पास गर्ने भनि यस उप महानगपालिकाको प्रथम नगरसभाबाट निर्णय भएकोमा नक्सापास भएको घर जग्गालाई कित्ता काट भएको अवस्थामा नामसारी नगर्ने गरिएकोले सर्वसाधारणमा दोहोरो दस्तुर तिर्ने मार पर्न जाने हुदां सो लाई मध्ये नजर राखी कित्ता भएको घरको साइट प्लान नक्सा शंसोधन गरि शंसोधन शुल्क लिई माथी उल्लेखीत अनुसार नामसारी गर्ने निर्णय गरियो ।

३. यस नगर भित्र हाल सम्म पनि घर नक्सा प्रमाणित गर्ने प्रवाधान रहेकोले यस्ता घरहरुको नक्सा बनाउदां शुल्क इन्जिनियर अनुसार धेरै फरक पर्ने र रेट बढी भएको जन गुनासो आएकोले सो कार्यलाई एकरुपता बनाउनका लागी गृहकार्य गरी आगामी बोर्ड बैठकमा पेश गर्ने निर्णय गरियो ।

४. नेपाल सरकार स्वास्थ्य मन्त्रालय जनस्वास्थ्य कार्यालय बाँकेंको पुजींगत अनुदानबाट ने.ग. उपमहानगरपालिका वडा न.१ मा शहरी स्वास्थ्य क्लिनिक निमार्ण कार्यको जिम्मा पाएको निमार्ण कम्पनीले तोकीएको समयमा काम सम्पन्न नगरेको र सो सगं भएको सम्झौता तोडि निजलाई उप महानगरपालिकाबाट कारवाही समेत भै सकेको र निजले सम्पन्न गरेको कामको भुक्तानी माग गरेकोमा प्राविधिक मुल्याङ्कन तथा सिफारिस समेत प्राप्त नभएकोले निजलाई कुनै भुत्तानी नदिने निर्णय गरियो ।

५. यस कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीहरु लाई २०७४ माघ १ गते देखी २०७५ आषाढ मसान्त सम्मका लागी फिल्ड भत्ता वापत मासीक इन्जिनियरका लागी रु ६०००।- र ओभरसीयरका लागी रु ५०००।- प्रदान गर्ने निर्णय गरियो ।

६. यस नेपालगंज उपमहानगरपालिका वडा नं. १९ स्थित श्री निम्न माध्यमिक विद्यालय कन्ठीपुरमा शिक्षक भर्ना सम्वन्धि लिइएको परिक्षा बदर गरी पुन : परिक्षा प्रकृया संचालन गर्ने निर्णय गरियो ।

७. यस नेपालगंज उप महानगरपालिकाको नगर शिक्षा नियमावली यथा शिघ्र निमार्ण गरि आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

८. कार्यालय सहयोगी नभएको वडाहरुमा मासीक रु ७०००।- (सात हजार ) पारिश्रमीक दिने गरि एक जना कार्यालय सहयोगी कर्मचारी सम्बन्धित वडा कार्यलयले दैनिक ज्यादारीमा राख्ने निर्णय गरियो ।

९. ADB को सहयोगमा संचालीत RUDP कार्यक्रमका लगायत अन्य योजनाहरुको बारेमा सम्वन्धित वडा कार्यालयलाई विस्तृत जानकारी गराउनुका साथै कार्यान्वयनको बेला वडा कार्यालय सगं समन्वय गर्नु पर्ने र ठेकेदारलाई भुक्तानी दिदां सम्वन्धित वडा कार्यालयको कार्य सम्पन्नताको सिफारिस भए पश्चात मात्र भुक्तानी दिने निर्णय गरियो ।

१०. अग्नी नियन्त्रण सम्वन्धि तालिम (फायर फाईरिङ्ग) पुन :संचालनका लागि सबै वडा कार्यालयको सिफारिसमा प्रत्येक वडाबाट २ (दुई ) जनाका दरले ४६ जनालाई विपत व्यावस्थापन तथा अग्नी नियन्त्रण तालिम संचालन गर्ने निर्णय गरियो ।

हरि प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत